# हिमालयन डिष्टिलरी लिमिटेड

पर्साको

## आर्थिक वर्ष २०८०/८१ को नगद लाभांश वितरण सम्बन्धी सूचना

यस कम्पनीले आर्थिक वर्ष २०८०/८१ को वार्षिक साधारण सभाद्धारा पारित गरेको ५ (पाँच) प्रतिशत (कर प्रायोजनार्थ समेत) नगद लाभांश शेयरधनीहरूको हितग्राही खाता (अद्यावधिक भएको बैंक खाता) मा **मिति २०८१ साल माघ १३ गते आईतबार** देखि IPS मार्फत जम्मा गर्न सुरू गरिएको व्यहोरा जानकारी गराउँदछौं ।आफ्नो शेयर Demat गर्न/बैंक विवरण अद्यावधिक गर्न/गराउन बाँकी रहनु भएका योग्य शेयरधनीहरूको वितरित लाभांश रकम लिनका लागि आ–आफ्नो हितग्राही खाता तथा बैंक खाता सम्बन्धी विवरण अद्यावधिक गराउन हुन अनुरोध गर्दछौं । सो विवरणहरू अद्यावधिक गराए पश्चात् मात्र लाभांश रकम तपाईको बैंक खातामा जम्मा हुने जानकारी गराउँदछौं । वितरण गरिएको नगद लाभांश रकम शेयरधनीहरूको बैंक खातामा IPS मार्फत जम्मा गर्दा लाग्ने बैंक शुल्क सम्बन्धित शेयरधनी स्वयंले व्यहोर्नु पर्नेछ ।

आफ्नो शेयर धितोमा राख्नु भएका शेयरधनी महानुभावहरूले प्रतिफल रकम प्राप्त गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाको No Objection Letter वा फुकुवा-पत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

साथै आर्थिक वर्ष २०७२/७३, २०७३/७४ र २०७४/७५ को वार्षिक साधारण सभाद्धारा पारित लाभांश रकम बुझि लिन नआउनु भएका शेयरधनीहरूको लाभांस रकम कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लगानीकर्ता संरक्षण कोषमा २०८१ मंसिर महिनामा जम्मा गरी सकिएको यसै सूचनाबाट यहाँहरूमा जानकारी गराउँदछौं । त्यसैगरि आ.व. २०७५/७६ देखि हालसम्मका वार्षिक साधारण सभाद्वारा पारित गरि वितरण गरिएका नगद लाभांश बुझि लिन बाँकी रहनु भएका शेयरधनी महानुभावहरूले समेत यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेण्ट बैंकिङ् लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा सम्पर्क गरि बुझि लिन हुन समेत यो सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं । वितरण गरेको मितिले ५ (पाँच) वर्षसम्म पनि नगद लाभांश बुझि लिन नआएमा कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था रहेकाले सोही ऐनको दफा १८२ (१०) बमोजिम आ.व. २०७५/७६ को वार्षिक साधारण सभाद्धारा पारित लाभांस रकम एक महिना भित्र कम्पनीको शेयर रजिष्ट्रारमा सम्पर्क गरि बुझि लिन हुन समेत अनुरोध गर्दछौं । सो समय भित्र बुझि नलिएमा ऐनको प्रावधान बमोजिम हुने समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

**२४ औ वार्षिक साधारण सभाको निर्णय र सभाको विवरण प्रकाशन सम्बन्धमा ।**

यस कम्पनीको मिति २०८१ साल पौष २८ गते सम्पन्न भएको २४ औ वार्षिक साधारण सभाको कम्पनी ऐन, २०६३ को दफा ७५(२) बमोजिम सभाको सम्पूर्ण विवरण तथा निर्णयहरू कम्पनीको वेभसाइट www.himalayandistillery.com मा प्रेसित गरिएको जानकारी कम्पनी ऐन, २०६३ को दफा ७५ (३) को प्रयोजनका लागि प्रकाशन गरिएको शेयरधनीहरूलाई अवगत गराउन चाहन्छौं ।

**शेयर रजिष्ट्रारः**

**NABIL® INVESTMENT BANKING LTD.**
**(A Subsidiary of Nabil Bank Ltd.)**
**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४५११६०४, ४५११७३३, फ्याक्सः ४५१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np

**मिति २०८१/१०/२२ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने ।**